# रतुवा माई वृक्षारोपण आयोजना
# एक चिनारी

## १ पृष्टभूमी

झापा तथा इलाम जिल्लामा अतिक्रमण भै खेती भैसकेको ह्रासोन्मूख वन जंगललाई वृक्षारोपण गरी वढी उत्पादनशिल वन जंगल वनाउन आ.व. ०३५।०३६ मा श्री वन पैदावार विकास समिति अन्तर्गत रहने गरी रतुवा माई वृक्षारोपण आयोजनाको स्थापना भएको देखिन्छ। यस आयोजनाको कार्यालय झापाको केरखामा रहेको छ।

रतुवा माई वृक्षारोपण आयोजना ०३५।०३६ मा शुरू हुंदा यसको कूलक्षेत्र ६३९७ हेक्टर प्रस्तावित भएको थियो । जुन पूर्णरूपले अतिक्रमण र एकदमै हैसियत खराव भएको वनको रूपमा थियो । जसको करीव आधा क्षेत्र इलाम जिल्ला र आधा क्षेत्र झापा जिल्लामा रहेको छ। उक्त अतिक्रमण क्षेत्रलाई विस्तारै खाली गराउँदै वृक्षारोपण गरी पुनः वन जंगल स्थापना गर्ने श्री ५ महाराजाधिराजको निर्देशन वक्स भए अनुरूप क्रमिक रूपमा वृक्षारोपणवाट वन जंगलमा परिणत हुंदै गएको थियो । विभिन्न आरोह अवरोह खप्दै रतुवा माई वृक्षारोपण आयोजनाले आ.व. २०३५।०३६ देखि आ.व. २०४१।०४२ सम्म जम्मा झापा जिल्लामा २२३८.८७ हेक्टर क्षेत्रमा मात्र वृक्षारोपण गर्न सफल भए। ५५० हे.क्षैत्रमा चिया विकास निगमले वृक्षारोपण गरेको वुझिन्छ । कुल ६३७९ हेक्टर मध्येको वांकी इलाम जिल्ला भित्रको क्षेत्र विभिन्न कारण खाली नभएकोले आयोजनाको लक्ष अन्यत्र मोडियो। हाल सम्म उक्त खाली हुन नसकेका क्षेत्र विक्री गर्न, धितो राख्न नामसारी गर्न रोक लगाएको वुझिन्छ। सो क्षेत्र हाल सम्म श्री ५ को सरकारले फुकुवा गरेको छैन र हाल यस आयोजनाको क्षेत्रफल २८५३.३७ हेक्टर सीमित रहेको छ।

रतुवा माई वृक्षारोपण आयोजनाले आफ्नो नीति अनुसार काम गर्दै गईरहेको अवस्थामा एक्कासी श्री ५ को सरकार वन मन्त्रालयको मिति ०४६।६।९ को निर्णय अनुसार उक्त क्षेत्र झापा जिल्ला वन कार्यालयलाई हस्तान्तरण भयो । यो क्षेत्र झापा जिल्ला वन कार्यालयको मातहतमा हुंदा तराई सामूदायिक कार्यक्रम अन्तर्गत नर्सरी कार्य केही वर्ष चलेको र आ.व. ०४८।४९ मा राष्ट्रिय तथा कवुलियती वन कार्यक्रम अन्तर्गत ५ टुक्रामा प्याच रिप्लान्टिË भएको देखिन्छ । यस वाहेक रतुवा माई वृक्षारोपण आयोजनाको तोकिएको चौहद्दी भित्र गैडेमा २४.१२ हे सालको प्राकृतिक जंगल भएको र दोमुखा क्षेत्रमा झापा जिल्ला वन कार्यालयवाट आ.व. ०३२।०३३ र ०३३।३४ मा ८० हे. वृक्षारोपण भएको देखिन्छ। यसरी चौहद्दी भित्रका सवै वृक्षारोपणहरूको स्पेसिË २.५x२.५ मि.भएको र आयोजनाले आफैले गरेको वृक्षारोपणमा सिसौ, मसला, टिक, खयर, जाडुल, सिरिस तथा सिमल जातका विरूवा रोपेको देखिन्छ। यो आयोजना शुरू देखि समितिको आन्तरीक श्रोतवाट संचालन हुंदै आएको छ।

रतुवा माई वृक्षारोपण आयोजनाका पूर्वि तथा पश्चिमी सिमानाको दूरी राजमार्गको किनारै किनार १६ कि.मि.भएको र चौडाई ३०० मिटर देखि ५ कि.मि. सम्म भएकोमा केरखा कार्यालयवाट दमक ६ कि.मि., विराटनगर ७० कि.मि., चन्द्रगढी तथा काकडभिट्टा ४७ कि.मि टाढा रहेको छ। केरखा कार्यालयवाट पूर्वि सिमाना माईधार १२ कि.मि.र पश्चिमी सिमाना पाडाजूंगी ४ कि.मि.टाढा रहेको छ।

## २ भौगोलिक अवस्था :

यो क्षेत्र भावर र तराई क्षैत्रमा पर्छ । यो क्षेत्र १२१.२ मि. (४०० फिट) देखि २१२.१ मि (७०० फिट) उचाई चूरेको काखमा अवस्थित रहेको छ । यो खास गरेर समतल र दक्षिण ढलाउमा रहेको छ । केही ढलाउ क्षेत्र भएकोले गाउं ठाउंमा खोलानालाले काटेको उक्त भावर क्षेत्रको नामले चिनिन्छ । यसका खोलानालाहरू वालुवा ग्राभेलयुक्त छ ।

## ३ माटो

यहांको माटोको आन्तरीक Study Paper नभए पनि यहां खास गरेर दोमट र वलौटे माटो रहेको देखिन्छ । माटोको **Ph Value -7** भन्दा तल रहेको छ )

## ४ हावापानी

यहांको हावापानी Tropical किसिमको रहेको पाइन्छ । खासगरी तीन किसिमको हावापानी यस क्षेत्रमा पाइन्छ ।

- चिसो याम : मंसिर देखि फाल्गुण सम्म
- गर्मी याम : फाल्गुण देखि वैशाखा सम्म
- वर्षा याम : जेष्ठ देखि श्रावण सम्म

यहां तापक्रम ३ से.देखि ४२ से.सम्म र औषत ७८.२० इन्च पानी पर्दछ । (२००३ अनुसार)

## ५ कर्मचारीहरू

यस आयोजनामा आयोजना प्रमुख सहित ३ जना अधिकृत गरी ३२ जनाको दरवन्दी रहेको छ ।

## ६ नर्सरी

यस कार्यालय परिसर भित्र ४ हेक्टर क्षेत्रमा नर्सरी रहेको छ । जसमा हाल करीव १ एक हे. क्षेत्रमा नर्सरीको काम भैरहेको र अरू क्षेत्र आयोजनाको अन्य काममा प्रयोग भैरहेको छ । आयोजनाको वृक्षारोपण क्षेत्र सुधार्न वर्षेनी रोग लागेका सिसौ हटाई पूनवृक्षारोपण गर्ने काम भैरहेकोले हाल नर्सरीमा मसला, कदम, टिक, आदि जातका विरूवा उत्पादन गर्ने काम भैरहेको छ । यस आ.व. ०६२।६३ देखि सिसौको पनि सुहाउंदो साइज अनुरूप सानो क्षेत्रमा वृक्षारोपण गरिनेछ ।

## ७ वृक्षारोपण :

हाल यस क्षैत्रमा निम्नानुसारको वृक्षारोपण रहेको छ :

| जात | क्षेत्रफल | प्रतिशत |
|---|---:|---:|
| सिसौ | १२५४.७६ | ४३.१७ |
| मसला | ५९८.५१ | २०.९७ |

| | | |
|---|---|---|
| टिक | ३१९.३४ | १०.९१ |
| खयर | ७९.९१ | २.८० |
| जाडूल | ६२.७८ | २.२० |
| सिरिश | ५२.५१ | १.८४ |
| सिमल | २१.१ | ०.७४ |
| साल रिजेनरेशन | २४७.८९ | ८.६९ |
| अग्नी संरक्षण वाटो खोलानाला | २२४.८८ | ७.८८ |

## ८ उत्पादन तर्फ :

१०० थान सम्म मसला पोल, १०० क्यूफि सम्म विभिन्न जातका काठहरू तथा एकपाउ ( ५' x ५' x ५') दाउरा स्थानिय व्यक्ति, संघ संस्थालाई उपलव्धताका आधारमा विक्री गर्ने गरिन्छ । उद्योगलाई आवश्यकता अनुसार उपलव्ध गराई विक्री वितरण गर्नको लागि विक्री नियमावलीको अधिनमा रही विक्री गर्ने गरिएको छ ।

## संरक्षण प्रकृया

नर्सरी तथा वृक्षारोपणको लागि ३५ जवान चौकिदार हेरालु राखिएको छ । करीव प्रति व्यक्ति १०० हे.क्षेत्रफल हेर्ने गरेको छ । त्यस मध्ये सम्वन्धित युनिटको रेन्जरको मातहतमा ७ जवानको १ घुम्ती संरक्षण टोली राखिएको छ । त्यसले संरक्षण काममा धेरै मद्धत पुगेको छ । आ आफ्नो प्लट हेर्ने चौकिदारवाट संरक्षण गर्दा गर्दै पनि नहुने ठांउमा यो घुम्ती टोलीले संरक्षण गर्ने काम गरेको छ ।

१ आयोजनावाट वृक्षारोपण गरिएका क्षेत्र भित्र संस्था तथा समूहमा आवद्ध भएका व्यक्तिहरूवाट करारनामा वनाई प्रति हेक्टर प्रति वर्ष रू ७५०।०० ( प्रति कठ्ठा प्रति वर्ष रू २५।०० ) का दरले ५ वर्षको लागि करारनामा वनाई त्यस क्षेत्रभित्र भएका विरूवाहरूको गोडमेल तथा संरक्षण गर्ने गरी १४२ हेक्टरमा वडिवुटी खेती गरिएको छ । सो वाट आयोजनालाई १,०६,५००।०० रकम आम्दानी र भएका विरूवाहरूको वृद्धि दरमा समेत मद्धत पुगिरहेको छ ।

२ अन्य वाली खेती कार्यक्रम तर्फ वृक्षारोपण क्षेत्र भित्र समूह तथा संघ संस्थाहरूलाई आवद्ध गराई करारनामा अनुसार मकै, तोरी, मुसुरो, हर्दि, टमाटर आदि प्रति हेक्टर प्रति वर्ष रू ७५०।०० ( प्रति कठ्ठा प्रति वर्ष रू

२५।००) का दरले ४८ हेक्टर क्षेत्रमा अन्तरबाली अन्तर्गत तेरी गर्ने गरिएको छ । सो वाट वार्षक रू ३६,०००।०० आम्दानी प्राप्त भैरहेको छ ।

३ घांस खेती कार्यक्रम तर्फ वृक्षारोपण क्षेत्र भित्र तथा असफल भएका स साना टुक्रा टाक्री प्लटहरूमा दुधालु गाई ( जर्सी होलेण्ड गाई ) हरूलाई संघ संस्था तथा समूहहरूलाई ५ वर्षको करारनामा वनाई १६० हेक्टरमा घांस खेती लगाइएको छ । सो वाट आयोजनालाई वार्षिक रू १,२०,०००।०० आम्दानी हुने गरेको छ । माथि उल्लेखित कार्यको लागि जग्गा नभएका तथा गरीव परिवारहरूवाट जडिवुटी, अन्य वाली तथा घांस खेती गराउंदा घरपरिवारहरू लाभान्वित भएका छन् । यसरी वृक्षारोपण क्षेत्र भित्र जडिवुटी अन्तरवाली तथा घांस खेती गर्दा वार्षिक रू २,६२,५००।०० आयोजनालाई आम्दानी हुन्छ ।

## संरक्षण गर्ने कार्यको सम्वन्धमा गरिएका प्रयासहरू :

१ आयोजनाको वृक्षारोपण क्षेत्र संग गांसिएका निकटवर्ती वन उपभोक्ता समूह संग वृक्षारोपण संरक्षण सम्वन्धी पटक पटक अन्तरक्रिया कार्यक्रम गर्ने गरिएको छ :

२ वन संरक्षण सम्वन्धी स्थानिय जनताहरूको भूमिका वारेमा पत्रकार महानुभावहरूलाई वोलाई छलफल तथा गोष्ठी समेत गर्ने गरिएको छ ।

३ आ.व. ६२।०६३ देखि आयोजनाले वृक्षारोपण क्षेत्र वरीपरिका जनसमूदायहरूलाई जनसमूदायमूलक कार्यक्रम गर्ने गरिएको छ । जस्तै : सतासीधामको धार्मिक पर्यटकीय क्षेत्रको नदी नियन्त्रणको लागि तटवन्ध वनाउने गर्ने गरिएको छ । कमल चूलाचुली इलाम जाने कच्ची वाटोमा ग्राभेल विछाउने कार्य गरिएको छ । माइधार स्कूलका जग्गामा नदी कटान वाट रोकथाम गर्न पक्कि तटवन्ध निर्माण काम गरिएको छ ।

४ आयोजनाले यस जिल्ला अन्तर्गत ठाउं ठाउंमा फुटकर काठ दाउरा विक्री गर्ने सेल्स डिपो राख्न सकेमा यस भेगका जनताहरूले सहज सूलभ रूपले फुटकर काठ दाउरा उपलव्ध गर्न पाएमा वृक्षारोपण क्षेत्रवाट काठ दाउराको चोरी निकासीमा कमी आउने देखिन्छ ।

## आयोजनाले भ्फेलीरहेका समस्याहरू :

- **पब्लिक चिहान वनाउने समस्या** : आयोजना क्षेत्र वरीपरि वसोवास गरिरहेका जनताहरू आफ्नो रितीरिवाज अनुसार मृत्यु पश्चात गरिने संस्कार अनुसार पक्कि कंक्रिट चिहान वनाउने गरेकोमा सो चिहान वाट वृक्षारोपण गर्ने कार्यमा तथा प्राकृतिक सौन्दर्यता नष्ट र वातावरणमा प्रदुषण वाधा नभई वन प्यवस्थापन कार्यमा समेत व्यवधान खडा हुने गरेको ।
- **चरिचरन** : आयोजना वरिपरीका वासिन्दाहरूले पाल्ने गरेका हजारौ संख्याका गुणस्तर हीन वस्तुभाउलाई वृक्षारोपण क्षेत्र भित्र खुल्ला चरिचरनको लागि पठाउने कार्यले गर्दा वृक्षारोपण क्षेत्र भित्रका रूख विरूवाहरूलाई हानी नोक्सानी पुग्न जाने गरेको छ ।
- **आवादीको चापको समस्या** : आयोजना क्षेत्रको चारै तर्फ नगर उन्मुख आवादीहरू भएको कारण अतिक्रमणको चाप वृक्षारोपण क्षेत्रमा पर्न जाने गरेको ।
- **कानूनी अधिकार नभएको** : वन सम्पदाहरूको चोरी निकासी गर्ने व्यक्ति उपर दण्ड सजायं गर्ने अधिकार आयोाजनालाई नभएको कारणले गर्दा वृक्षारोपण क्षेत्रमा वढी हानी नोक्सानी हुने गरेको छ । साथै वन संरक्षण जस्तो संवेदनशिल कार्यमा पूर्णरूपमा अन्य सुरक्षा निकायहरूमा भर पर्नुपर्ने ।
- **वृक्षारोपण गर्दा परेको समस्या :** आयोजनाले वन पैदावार विक्री वितरण गर्दा प्राप्त हुने रकम मध्ये वढी मात्रामा रोयल्टी वापत जाने गरेको कारण आयोजनाको सम्पूण खाली क्षेत्रमा आर्थिक समस्याले गर्दा वृक्षारोपण गर्न नसकी रहेकोले पूर्ण खाली रहेको क्षेत्रमा वृक्षारोपण गर्नको निमित्त नेपाल सरकारवाट रोयल्टीको ५० प्रतिशत रकम कम भएमा वा अनुदानको रूपमा उपलव्ध भएमा आयोजनालाई ठूलो आर्थिक टेवा पुग्न जाने देखिन्छ ।
- **वृक्षारोपण क्षेत्र पूर्ण स्वामित्वता** : आयोजालाई वृक्षारोपण कार्यको लागि प्राप्त क्षेत्रको सम्पूर्ण जग्गा वन पैदावार विकास समितिको पूर्ण स्वामित्वमा रहने गरी प्राप्त भएको खण्डमा समितिवाट वृक्षारोपण कार्य पुरा गर्न वैकल्पिक व्यवस्थागरी अझ वढी प्रभावकारी ढंगले वृक्षारोपण गर्न, संरक्षण तथा सम्वर्द्धन गर्नमा टेवा पुग्न जाने देखिन्छ ।
- **व्यवस्थापन तर्फ :**

  (क) वन प्राविधिक कर्मचारी, आवास गृह, चौविसै घण्टा फिल्डमा खटने कर्मचारीहरूलाई फिल्ड, वा राशन भत्ता आदिमा कमि र भवितव्यमा परि चोटपटक लागेका कर्मचारीहरूलाई छुटै औषधि उपचार व्यवस्था, अवकास लिन चाहने कर्मचारीहरूलाई तत्काल पाउने सुविधाको व्यवस्थाको कमि आदी कारणले गर्दा कार्यरत रहेका कर्मचारीहरूको मनोवल ह्रास हुने गरेको छ ।

(ख) वर्षौ पुराना जीर्ण भएका सवारी साधनहरू विग्रि रहने र लाखौ रूपैयां खर्च गर्दा पनि सुचारू रूपमा कार्य संचालन गर्न नसक्दा लक्ष अनुसारको कार्यमा वाधा व्यवधान हुन जाने भएकोले नयां सवारी साधनको आवश्यकता देखिएको छ ।

(ग) खाली रहेका वृक्षारोपण क्षेत्रमा यथाशिघ्र वृक्षारोपण गर्न आर्थिक श्रोतको कमि रहेको छ ।

(घ) अतिक्रमण गरी वसोवास गरि रहेका व्यक्तिहरूलाई यथोचित कानूनी व्यवस्था गर्नमा सम्वन्धित निकायहरूमा समन्वयको अभाव रहेको छ ।

(ङ) जनसहभागिता विना संघ संस्था र समितिको निर्दिष्ट कार्यक्रमहरू पूर्ण रूपले असफलिभूत वनाउन वृक्षारोपण क्षेत्र संग जोडिएका सामूदायिक वन उपभोक्ता समूहले संरक्षण कार्य तथा चोरी निकासीमा सहयोग गरे वापतको ऐन नियमानुसार सुविधा तथा लाभांशको व्यवस्था हुनु पर्ने ।

(च) वृक्षारोपण क्षेत्र भित्र समिति आफैले थप आय आर्जनको लागि माटोको परिक्षण गरी (रबर खेती, चिया खेती, जडिवुटी खेती र नगदेबाली आदि) कार्यक्रम संचालन गरिएमा स्थानिय जनताहरूको लागि रोजगारीको व्यवस्था हुने र समितिको आय आर्जनको साथै वन सम्पदाको चोरी निकासीमा कमि आउन सक्ने ।

(छ) वन पैदावार उत्पादन गर्ने कार्यको हाल भैरहेको दर रेटमा पुनरावलोकन हुनु पर्ने ।

(ज) वृक्षारोपण क्षेत्र वरिपरिका जनसमूदायहरूलाई सुधारिएको चुल्हो, वृकेट वनाउने र गोवर ग्यास प्लान्ट राख्न आयोजनाले अभिप्रेरित गर्ने र केही निश्चित मापदण्ड अनुसार आर्थिक अनुदानको व्यवस्था हुनु पर्ने ।

इति